E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np

पत्रसंख्याः बैं.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ १ ⁄ ०६३ ⁄ ६४ मितिः २०६३ ⁄ ४ ⁄ ८

सबै इजाजत पत्र प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाहरु ।

महाशय,

विगतमा यस बैंकबाट अनुमति लिई संस्थापना भएका बैंक तथा वित्तीय संस्थाहरुको पूँजी तथा पूँजी संरचना पुऱ्याउनु पर्ने म्याद तथा त्यस्ता बैंक तथा वित्तीय संस्थामा गरेको शेयर लगानीको सीमालाई तोकिएको सीमाभित्र ल्याई सक्नुपर्ने अवधिका सम्वन्धमा देहाय वमोजिमको व्यवस्था कायम गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

(क) यसभन्दा अगाडि सञ्चालनमा आईसकेका तथा सञ्चालनका लागि सहमतिपत्र प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाहरुले यस बैंकबाट २०६३।४।१ देखि लागु हुने गरी Website मा राखिएको नीतिगत एवं प्रकृयागत व्यवस्थामा तोकिएको पूँजी तथा पूँजी संरचना पुऱ्याउनु पर्ने र यसरी पूँजी पुऱ्याउन पूँजी समायोजन कोष खडा गरी चुक्ता पूँजीको न्यूनतम दश प्रतिशत नाफाबाट प्रतिवर्ष सो कोषमा जम्मा गर्दै लैजानु पर्ने वा न्यूनतम दश प्रतिशतका दरले पूँजी वृद्धि गर्दै लैजानु पर्नेछ । यसभन्दा अगाडि यस बैंकको स्वीकृति लिई संस्थापना भईसकेका 'क' र 'घ' वर्गका संस्थाहरुले २०६६ साल आषाढ मसान्तभित्र र 'ख' र 'ग' वर्गका वित्तीय संस्थाहरुले २०६८ साल आषाढ मसान्तभित्र आवश्यक व्यवस्था मिलाई तोकिएको पूँजी संरचना पुऱ्याउनु पर्नेछ ।

(ख) विगतमा यस बैंकबाट अनुमति लिई संस्थापना भई सञ्चालनमा आएका बैंक तथा वित्तीय संस्थामा संस्थापक शेयर लगानीको अधिकतम हद १५ प्रतिशतभन्दा बढी भएका बैंक तथा वित्तीय संस्थाहरुले यो नीति लागू भएको २ वर्षभित्र कुनै एक व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले लगानी गरेको चुक्ता पूँजी १५ प्रतिशतको सीमाभित्र ल्याईसक्नु पर्नेछ । तर, लघु वित्त सम्वन्धी कारोवार गर्ने गरी संस्थापना भएका वित्तीय संस्थाहरुमा सस्थापक शेयर लगानी गर्न पाउने अधिकतम २५ प्रतिशतको सीमा यथावत कायम रहेको छ ।

भवदीय,

(रामहरी न्यौपाने)
उप-निर्देशक

<u>वोधार्थः</u>
नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
नेपाल राष्ट्र बैंक, विदेशी विनिमय विभाग ।
नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
नेपाल वित्त कम्पनी संघ, आराधना कम्प्लेक्स, बागवजार, काठमाण्डौं ।